# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

आ.व ०८१/०८२ सम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

## शिक्षा विकास निर्देशनालय, हेटौंडा

२०८२

# विषयसूची


१. निर्देशनालयको स्वरुप र प्रकृति

२. निर्देशनालयको काम कर्तव्य  र अधिकार

३. निर्देशनालयमा रहने कर्मचारी सङ्ख्य र कार्य विवरण

४. महाशाखागत कार्यविवरण

५. निर्देशनालयबाट प्रदान गरिने सेवा

६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी सम्बन्धित शाखा प्रमुख

७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

८. निवेदन र उजुरी निर्णय गर्ने प्रकिया र अधिकारी

९. निर्णय उपर उजुरी सुन्ने अधिकारी

१०. सम्पादन गरेको कामको विवरण

११. सूचना अधिकारी र प्रमुखको नाम र पद

१२. ऐन नियम विनियम वा निर्देशिकाको सूची

१३. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## १. निर्देशनालयको स्वरुप र प्रकृति

नेपालको संविधानले तीनतहको शासकीय स्वरूप व्यवस्था गरे बमोजिम सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा रहेका सात प्रदेश मध्ये भौगोलिकरूपले झण्डै बिच भागमा रहेको बागमती प्रदेश हो।यस प्रदेशमा रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, भक्तपुर, ललितपुर र काठमाडौं गरी १३ वटा जिल्ला रहेका छन्।यस प्रदेशमा ३ वटा महानगरपलिका, १ उपमहानगरपालिका, ४१ वटा नगरपालिका र ७४ वटा गाउँपालिका गरी कुल ११९ वटा स्थानीय तह रहेका छन्।

प्रदेश सरकारको स्थापना सँगै सामाजिक विकास मन्त्रालयको मातहतमा शिक्षा विकास निर्देनालय शिक्षा क्षेत्रको कार्यजिम्मेवारी सम्पादन गर्ने जिम्मेवारी सहित स्थापना भएको हो। प्रदेश सरकारको २०८०।०८।१२ को निर्णयानुसार निर्देशनालय अन्तर्गत शिक्षा, विज्ञान प्रविधि, महिला, बालबालिका, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, सामाजिक सुरक्षा र सिपमूलक तालिम जस्ता विषय क्षेत्रको कार्य जिम्मेवारी तोकिएको छ।खासगरी नागरिकलाई सर्वसुलभ गुणस्तरीय शिक्षा उपलब्ध गराई जीवनस्तरमा सुधारल्याउनु मन्त्रालयको मुख्य भूमिका रहेको छ।

## २. निर्देशनालयको कार्यविवरण

क) प्रदेश सरकारको मिति २०८० मङ्सिर १२ को निर्णय बमोजिम यस निर्देशनालयको कार्य जिम्मेवारी निम्नानुसार प्रस्तुत गरिएको छ ।

- शिक्षा सम्वन्धी राष्ट्रिय, अन्तराष्ट्रिय एवं राष्ट्रसंघीय संझौता, घोषणा तथा प्रतिवद्धता अन्तर्गतका विभिन्न नीति, आयोजनाका साथै राष्ट्रिय अभियानका कार्यक्रमहरूलाई प्रदेशस्तरमा कार्यान्वयन गर्ने व्यवस्था सम्वन्धी कार्य,
- प्रदेश स्तरमा संचालन हुने दिगो विकासका लक्ष (sustainable development goal) अन्तर्गतको विद्यालय क्षेत्र विकास कार्यक्रम, प्रारम्भिक पठन सीप परियोजना, शिक्षाका लागि खाध्यकार्यक्रम लगायतका सवै प्रकारका परियोजना कार्यान्वयन व्यवस्था तथा नियमित प्रतिवेदन,
- विद्यालय एवम् उच्च शिक्षामा विज्ञान र प्रविधिको खोज तथा अनुसन्धान संस्कृतीको विकास र पठनपाठन व्यवस्था प्रवर्धन सम्वन्धी व्यवस्थापकीय कार्य,

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्वन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा गर्न मन्त्रालयलाई सहयोग,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रादेशिक नीति, पाठ्यक्रम र पाठ्यसामग्री स्वीकृतिका लागि मन्त्रालयलाई सहयोग,
- प्रदेशस्तरको उच्च शिक्षाका नीति, कानून, प्रशासन र नियमन गर्न सामाजिक विकास मन्त्रालयलाई सहयोग,
- प्रदेश स्तरमा उच्च शिक्षाका लागि स्वदेशी छात्रबृत्ति व्यवस्थापन सम्वन्धी कार्य,
- शिक्षाको प्रादेशिक नीति तथा कानून निर्माणका लागि सामाजिक विकास मन्त्रालयलाई प्राविधिक सहजीकरण।
- प्रादेशिक स्तरमा शिक्षाको गुणस्तर मापदण्ड निर्धारण, अनुगमनर परीक्षण सम्वन्धी कार्य,
- प्रदेश स्तरमा पुस्तकालय तथा संग्रहालय सञ्चालनका लागि नीति, कानून, मापदण्ड तयार गर्न मन्त्रालयलाई सहजीकरण गर्ने र कार्यान्वयन व्यवस्था मिलाउनेख,
- विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताको प्रदेश स्तरमा मापदण्ड निर्धारण एवम् नियमन सम्बन्धी कार्य,
- स्थायी शिक्षकहरूको निवृत्तिभरण, विमा, औषधी उपचार खर्च, पारिवारिक निवृतिभरण,पारिवारिक वृति,शैक्षिक भत्ता तथा सन्ततिवृति र उपदान वितरण व्यवस्था,
- स्थायी शिक्षकहरूको वार्षिक तलवी विवरण सम्वन्धीकार्य,
- शिक्षकहरूको सम्पत्ति विवरणको अभिलेख,
- शिक्षा क्षेत्रमा कामगर्ने कर्मचारी, प्राविधिज्ञ तथा शिक्षकका लागि सेवाकालिन लगायतका सबै प्रकारका क्षमता विकास कार्यक्रम प्रयोजनका लागि नीतिगत मार्गदर्शन,
- प्रदेशस्तरमा विद्यालयतहको पाठ्यपुस्तक वितरण सम्वन्धी कार्यमा सहजीकरण
- सामुदायिक तथा संस्थागत विद्यालयका लागि निजी क्षेत्रबाट प्रकाशित पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री प्रयोगका लागि स्वीकृति प्रदान गर्ने सम्बन्धी कार्य,
- प्रदेशभरका विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको अनुगमन, नियमन तथा सहजीकरण,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको छात्रबृत्तिको नियमन,
- संघले तय गरेको एकीकृत शैक्षिक ब्यबस्थापन सूचना प्रणालीसँग तादाम्य हुने गरी प्रदेश भित्रको विद्यालय र उच्च शिक्षा तहको शैक्षिक तथ्याङ्क संकलन, प्रशोधन, प्रकाशन तथा अध्यावधिक गर्ने
- विभिन्न शैक्षिक मुद्दामा प्राज्ञिक तथा कार्यमूलक अनुसन्धानहरू सञ्चालन गरी तथ्यमा आधारित निर्णय सम्पादनको संयन्त्र परिचालन,
- सम्मानित सर्वोच्च तथा उच्च अदालतद्वारा प्रदेश तहका लागि भएका शिक्षा सम्वन्धी फैसला तथा कानुनी सिद्दान्त कार्यान्वयन,
- साविकमा क्षेत्रस्तरमा स्थापना गरिएका निजामती विद्यालयको व्यवस्थापन,

- प्रदेशभित्र समानान्तर अनौपचारिक शिक्षा प्रणाली अन्तर्गत परीक्षण कार्य, विद्यालयको कार्य सम्पादन परीक्षण (audit)कार्य तथा विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण सम्वन्धी कार्यको व्यवस्थापन तथा समन्वय,
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतिवद्धता वमोजिम प्रदेशभित्र बाँकी रहेका निरक्षर जनसंख्यालाई साक्षर तुल्याउन समन्वय तथा साक्षर जिल्ला तथा साक्षर प्रदेश घोषणा सम्वन्धि कार्य,
- राष्ट्रिय परीक्षा बोर्डले तोकेको मापदण्डको आधारमा प्रदेशस्तरमा कक्षा १० (SEE) को परीक्षा सञ्चालन तथा ब्यवस्थापन,
- प्रदेश स्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमनमा मन्त्रालयलाई सहजीकरण
- शिक्षक सेवा आयोगबाट प्रत्यायोजित कार्यहरू,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा किटान नगरिएका विद्यालय शिक्षा तथा माध्यमिक शिक्षा व्यवस्थापन सम्वन्धी कार्य लगायत कानूनले निर्दिष्ट गरेका अन्य कार्य सम्पादन,
- महिला सशक्तीकरण, लैङ्गिक तथा बाल अधिकार, जेष्ठ नागरिकको अधिकार प्रवर्द्धन तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको प्रवर्द्धन, सामाजिक समावेशिकरण, मनोरोगिहरूको लागि संरक्षण गृह, दिवा सेवा केन्द्र, बृद्धाश्रम लगायतका संस्थागत संरचनाहरू व्यवस्थित गर्न र एकल महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने,
- बालसंरक्षण सम्बन्धी रोकथाममूलक, सचेतनामूलक एवं उद्धार तथा पुनस्थापना सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,
- बालश्रमको अन्त्य गर्न बालश्रमको नक्सांकन, अध्ययन तथा अनुसन्धान गर्न विभिन्न निकायहरूको समन्वयमा बालश्रम अन्त्य गर्ने सम्बन्धी कार्यमा सहयोग पुर्याउने,
- बालबालिकाविरुद्ध हुने हिंसा तथा दुर्व्यवहारको अन्त्य गर्ने, हिंसामा परेका बालबालिकाहरूको सामाजिक, आर्थिक, राजनैतिक तथा न्यायिक हकहित सुनिश्चित गर्न आवश्यक कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गर्ने,
- महिला, बालबालिका, ज्येष्ठ नागरीक तथा अपाङ्गता भएका व्यक्ति र यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूसंग सम्बन्धीत कार्यक्रम तर्जुमा एवं कार्यान्वयन सम्बन्धी कार्य गर्न,
- महिलाहरूको सामाजिक र आर्थिक सशक्तिकरण गर्न लैङ्गिक सामानता, समावेशीकरण तथा सामाजिक न्यायको सुनिश्चितता गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने,
- लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता को नीति अवलम्बन गरी त्यस्ता कार्यक्रम अभियानको रूपमा सञ्चालन गर्न र लैङ्गिक हिंसा, घरेलु हिंसा, मावन बेचविखन तथा ओसारपोसारमा परेका महिला तथा किशोरीको पुनःएकीकरणका लागि सघाउ पुग्ने गरी आवश्यक कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने,
- किशोरीहरूको बहुआयामिक विकासका लागि किशोरी विकास कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्ने र दाइजोमुक्त प्रदेश निर्माण अभियानलाई निरन्तरता दिने सहयोग पुर्याउन,

- व्यावसायिक तथा सीप विकास सम्वन्धी तालिम कार्यक्रम मातहतका कार्यलयहरूबाट सञ्चालनमा समन्वय,सहजीकरण र अनुगमन,
- सामाजिक विकास मन्त्रालयवाट तोकिएका अन्य कार्यहरू।

## ३. निर्देशनालयमा रहने कर्मचारीको सङ्ख्या र कार्य विवरण

**क कर्मचारी सङ्ख्या : शिक्षा विकास निर्देशनालयको दरबन्दी तेरिज देहाय अनुसार रहेको छ ।**

| क स | पद | तहश्रणी/ | सेवा समुह/ | प्रस्तावित दरवन्दी | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | स्थायी | अस्थायी | |
| १ | महानिर्देशक | ११ | प्रशासन | १ | - | १ |
| २ | निर्देशक | अधिकृतस्तर ९१०/ | शिक्षा, शि.प्र. | २ | - | २ |
| ३ | अधिकृत | अधिकृतस्तर ७ ८/ | शिक्षा, शि.प्र. | ४ | - | ४ |
| ४ | अधिकृत | अधिकृतस्तर ७ ८/ | प्रशासन .प्र.सा / | १ | - | १ |
| ५ | लेखा अधिकृत | अधिकृतस्तर ७ ८/ | प्रशासनलेखा/ | १ | - | १ |
| ६ | तथ्याङ्क अधिकृत | अधिकृतस्तर ७८/ | आर्थिक योजना तथा तथ्याङ्क | १ | | १ |
| ७ | अधिकृत | अधिकृतस्तर ७८/ | इन्जिनियरिङ्सूचना प्रविधि/ | १ | - | १ |
| ८ | सहायकअधिकृत/ | स६.अ/५. | शिक्षा.प्र.शि/ | ४ | - | ४ |
| ९ | महिला विकास निरीक्षक/अधिकृत | स.५/अ.६ | विविध )महिला विकास( | १ | | १ |
| १० | लेखापाल | स६.अ/५. | प्रशासनलेखा/ | १ | - | १ |
| ११ | सहायकअधिकृत/ | स ६.अ/५. | प्रशासन .प्र.सा/ | २ | - | २ |
| १२ | कअधिकृत/अपरेटर. | स६.अ/५. | विविध(कम्प्युटर) | २ | - | २ |
| १३ | हचालक.स. | तहविहीन | इन्जिनियरिङ् ई.मे/ | २ | - | २ |
| १४ | कार्यालय सहयोगी | तहविहीन | प्रशासन (सा प्र) | ४ | - | ४ |
| | जम्मा | | | २७ | ० | २७ |

पुनश्चः आवश्यक पर्ने भएमा सब इन्जिनियर (तह पाँचौ) सिभिल र इन्जिनियर (सातौं) सालवसाली रूपमा अस्थायी दरबन्दी स्वीकृत गराई कार्य सञ्चालन गर्न सकिने छ।

## ख. सङ्गठन संरचना र  सङ्गठनात्मक तालिका

**शिक्षा विकास निर्देशनालयको सङ्गठन संरचना देहाय अनुसार रहेको छ।**

महानिर्देशक
(११ औ तह , प्रशासन )

**प्राशासन, योजना तथा शिक्षा विकास महाशाखा**
निर्देशक,(अधिकृतस्तर ९/१० शि.शि.प्र) -१

**योजना तथा कार्यक्रम शाखा**
अधिकृत ( अधिकृतस्तर ७/८ शि.शि.प्र -१)
सहायक/अधिकृत (स ५/अ ६ शि.शि.प्र १)
तथ्याङ्क अधिकृत ( अधिकृतस्तर ७/८ आ.यो.त -१)

**प्रशासन तथा सामाजिक विकास शाखा**
अधिकृत ( अधिकृतस्तर ७/८ सा.प्र -१
सहायक/अधिकृत (स ५/अ ६ सा.प्र २
महिला विकास निरीक्षक/अधिकृत  स ५/अ ६) विविध महिला -१
अपरेटर/अधिकृत (स.५/अ.६ विविध -१
हलुका सवारी चालक  (तह विहिन, ई. मे)-२
कार्यालय सहयोगी (तह विहीन) - ४

**आर्थिक प्रशासन शाखा**
लेखा अधिकृत (अधिकृतस्तर ७/८ प्र.लेखा -१)
लेखापाल (स.५/अ.६ प्र.लेखा -१)

**अभिलेख तथा शिक्षा सेवा महाशाखा**
निर्देशक,(अधिकृतस्तर ९/१० शि.शि.प्र) -१

**शिक्षक सेवा शाखा**
अधिकृत (अधिकृतस्तर ७/८ शि.शि.प्र -१)
सहायक/अधिकृत (स ५/अ ६ शि.शि.प्र १)

**अभिलेख व्यवस्थापन शाखा**
अधिकृत (अधिकृतस्तर ७/८ शि.शि.प्र -२
अधिकृत (अधिकृतस्तर ७/८ सूचना प्रविधि -१
अपरेटर/अधिकृत (स.५/अ.६ विविध -१
सहायक/अधिकृत (स ५/अ ६ शि.शि.प्र २)

## ४. महाशाखागत कार्यविवरण

## क. प्रशासन,योजना,अनुगमन र शिक्षा विकास महाशाखा

### अ) योजना तथा शिक्षा विकास शाखा

- शिक्षा सम्वन्धी राष्ट्रिय, अन्तराष्ट्रिय एवं राष्ट्रसंघीय संझौता, घोषणा तथा प्रतिवद्धता अन्तर्गतका विभिन्न नीति, आयोजनाका साथै राष्ट्रिय अभियानका कार्यक्रमहरूलाई प्रदेशस्तरमा कार्यान्वयन गर्ने सम्वन्धमा मन्त्रालयको निर्देशन वमोजिम आवश्यक सम्वन्धी कार्य,
- प्रदेश स्तरमा संचालन हुने दिगो विकासका लक्ष (sustainable development goal) अन्तर्गतको विद्यालय क्षेत्र विकास कार्यक्रम, प्रारम्भिक पठन सीप परियोजना, शिक्षाका लागि खाद्य कार्यक्रम लगायतका सवै प्रकारका परियोजना कार्यान्वयन व्यवस्था तथा नियमित प्रतिवेदन,
- विद्यालय एवम् उच्च शिक्षामा विज्ञान र प्रविधिको खोज तथा अनुसन्धान संस्कृतीको विकास र पठनपाठन व्यवस्था प्रवर्धन सम्वन्धी व्यवस्थापकीय कार्य,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्वन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा गर्न मन्त्रालयलाई सहयोग,
- वृत्ति मार्ग निर्देशन सेवा सञ्चालनका लागि स्थानीय तहसँग समन्वय र अभिमुखिकरण गर्ने
- वृत्ति मार्ग निर्देशन सेवा सञ्चालन सम्बन्धी विद्यालयहरुको अनुगमन र सहजीकरण गर्ने
- प्रदेश स्तरमा उच्च शिक्षाका लागि स्वदेशी छात्रबृत्ति व्यवस्थापन सम्वन्धी कार्य,
- शिक्षाको प्रादेशिक नीति तथा कानून निर्माणका लागि सामाजिक विकास मन्त्रालयलाई प्राविधिक सहजीकरण।
- प्रादेशिक स्तरमा शिक्षाको गुणस्तर मापदण्ड निर्धारण, अनुगमनर परीक्षण सम्वन्धी कार्य,
- शिक्षा क्षेत्रमा कामगर्ने कर्मचारी, प्राविधिज्ञ तथा शिक्षकका लागि सेवाकालिन लगायतका सबै प्रकारका क्षमता विकास कार्यक्रम प्रयोजनका लागि नीतिगत मार्गदर्शन,
- प्रदेशस्तरमा विद्यालयतहको पाठ्यपुस्तक वितरण सम्वन्धी कार्यमा सहजीकरण
- सामुदायिक तथा संस्थागत विद्यालयका लागि निजी क्षेत्रबाट प्रकाशित पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री प्रयोगका लागि स्वीकृति प्रदान गर्ने सम्बन्धी कार्य,
- शिक्षाको गुणस्तर मापदण्ड निर्धारण र अनुगमनसम्वन्धी कार्य,
- सामुदायिक विद्यालयमा प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको गुणस्तर अभिवृद्धि सम्वन्धि कार्य
- विद्यालयमा नर्सिङ सेवा सञ्चालन सम्वन्धी कार्य
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको छात्रबृत्तिको नियमन,

- संघले तय गरेको एकीकृत शैक्षिक ब्यबस्थापन सूचना प्रणालीसँग तादात्म्य हुने गरी प्रदेश भित्रको विद्यालय र उच्च शिक्षा तहको शैक्षिक तथ्याङ्क संकलन, प्रशोधन, प्रकाशन तथा अध्यावधिक,
- विभिन्न शैक्षिक मुद्दामा प्राज्ञिक तथा कार्यमूलक अनुसन्धानहरू सञ्चालन गरी तथ्यमा आधारित निर्णय सम्पादनको संयन्त्र परिचालन,
- प्रदेशभित्र समानान्तर अनौपचारिक शिक्षा प्रणाली अन्तर्गत परीक्षण कार्य, विद्यालयको कार्य सम्पादन परीक्षण (audit)कार्य तथाविद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण सम्वन्धी कार्यको व्यवस्थापन तथा समन्वय,
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतिवद्धता वमोजिम प्रदेशभित्र बाँकी रहेका निरक्षर जनसंख्यालाई साक्षर तुल्याउन समन्वय तथा साक्षर जिल्ला तथा साक्षर प्रदेश घोषणा सम्वन्धि कार्य
- नमुना र आवासीय विद्यालय सम्वन्धी कार्य
- सामाजिक विकास कार्यालयहरुको अनुगमन गर्ने
- विद्यालय तथा शैक्षिक क्षेत्रमा विपद व्यवस्थापन सम्बन्धी कार्य
- शैक्षिक गुणस्तरका अभिवृद्धिका लागि कार्यक्रमहरू सञ्चालन गर्न सामाजिक विकास कार्यालयहरुलाई  निर्देशन र सहजीकरण गर्ने।

**आ) अभिलेख तथा शिक्षक सेवा आयोग शाखा**

- राष्ट्रिय परीक्षा बोर्डले तोकेको मापदण्डको आधारमा प्रदेशस्तरमा कक्षा १० (SEE) को परीक्षा सञ्चालन तथा ब्यवस्थापन,
- प्रदेश स्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमनमा मन्त्रालयलाई सहजीकरण
- शिक्षक सेवा आयोगबाट प्रत्यायोजित कार्यहरू,
- प्रदेशभरका विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको अनुगमन, नियमन तथा सहजीकरण,
- प्रदेश स्तरमा पुस्तकालय तथा संग्रहालय सञ्चालनका लागि नीति, कानून, मापदण्ड वमोजिम कार्यान्वयन व्यवस्था मिलाउने,
- विद्यालय तहको ऐच्छिक विषयको पाठ्यक्रम सम्वन्धी कार्य
- विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताको प्रदेश स्तरमा मापदण्ड निर्धारण एवम् नियमन सम्बन्धी कार्य,
- स्थायी शिक्षकहरूको निवृत्तिभरण, विमा, औषधी उपचार खर्च, पारिवारिक निवृतिभरण, पारिवारिक वृति, शैक्षिक भत्ता तथा सन्ततिवृति र उपदान वितरण व्यवस्था,
- स्थायी शिक्षकहरूको वार्षिक तलवी विवरण सम्वन्धी कार्य,
- सम्मानित सर्वोच्च तथा उच्च अदालतद्वारा प्रदेश तहका लागि भएका शिक्षा सम्वन्धी फैसला तथा कानुनी सिद्वान्त कार्यान्वयन,
- साविकमा क्षेत्रस्तरमा स्थापना गरिएका निजामती विद्यालयको व्यवस्थापन,

- शिक्षकहरूको सम्पत्ति विवरणको अभिलेख,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा किटान नगरिएका विद्यालय शिक्षा तथा माध्यमिक शिक्षा व्यवस्थापन सम्वन्धी कार्य लगायत कानूनले निर्दिष्ट गरेका अन्य कार्य सम्पादन,
- कक्षा ८, कक्षा १० र कक्षा १२ को नतिजाको विश्लेषण र प्रकाशन
- प्रदेश परीक्षा बोर्डको निर्देशन वमोजिक कार्य गर्ने
- तोकेका अन्य कार्यहरू।

## ५. निर्देशनालयबाट प्रदान गरिने सेवा ( नागरिक बडापत्र)

| क्र स | सेवाको विवरण | सेवा प्रवाह हुने कोठा | आवश्यक पर्ने कागजातहरु | सेवा प्राप्त गर्दा लाग्ने | | जिम्मेवारी कर्मचारी शाखा/फाँट | गुनासो सुन्ने तथा जिम्मेवारी पदाधिकारी | क्षतिपूर्ति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | समय | शुल्क | | | |
| १ | माध्यमिक शिक्षा परिक्षा (SEE) व्यवस्थापन सम्बन्धी कार्य प्रमाण पत्रको प्रतिलिपि उपलब्ध गराउने कार्य | १०५ | विद्यालयको सिफारिस पत्र र विद्यार्थीको निवेदन | निरन्तर | प्रति प्रमाण पत्र २५०। | अभिलेख शाखा | महाशाखा प्रमुखको हकमा महानिर्देशक र अन्यको हकमा महाशाखा प्रमुख | |
| २ | शिक्षक सेवा आयोग सम्बन्धी कार्य | २०३ र २०४ | लिखित निवेदन | निरन्तर | बढुवा उजरीको लागि तोकिएको रकम | शिक्षक सेवा आयोग शाखा | महाशाखा प्रमुखको हकमा महानिर्देशक र अन्यको हकमा महाशाखा प्रमुख | |
| ३ | प्रदेशस्तरमा पुस्तकालय सम्बन्धी नीति, कानून तथा मापदण्ड | १०३ | कागजात आवश्यक नपर्ने | निरन्तर | शुल्क नलाग्ने | योजना तथा शिक्षा विकास शाखा | महाशाखा प्रमुखको हकमा महानिर्देशक र अन्यको हकमा महाशाखा प्रमुख | |
| ४ | शैक्षिक योजना तर्जुमा तथा कार्यान्वयन र शैक्षिक तथ्याङ्क व्यवस्थापन | १०३ | कागजात आवश्यक नपर्ने | निरन्तर | शुल्क नलाग्ने | योजना तथा शिक्षा विकास शाखा | महाशाखा प्रमुखको हकमा महानिर्देशक र अन्यको हकमा महाशाखा प्रमुख | |
| ५ | पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण | १०३ | कागजात आवश्यक नपर्ने | निरन्तर | शुल्क नलाग्ने | योजना तथा शिक्षा विकास शाखा | महाशाखा प्रमुखको हकमा महानिर्देशक र अन्यको हकमा महाशाखा प्रमुख | |
| ६ | प्रदेशस्तरमा विद्यालय तहका शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण सम्बन्धी कार्य | १०३ | कागजात आवश्यक नपर्ने | निरन्तर | शुल्क नलाग्ने | योजना तथा शिक्षा विकास शाखा | महाशाखा प्रमुखको हकमा महानिर्देशक र अन्यको हकमा महाशाखा प्रमुख | |
| ७ | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान | १०३ | कागजात आवश्यक | निरन्तर | शुल्क नलाग्ने | योजना तथा शिक्षा विकास | महाशाखा प्रमुखको हकमा महानिर्देशक र अन्यको | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नपर्ने | | | शाखा | हकमा महाशाखा प्रमुख | |
| ८ | प्राविधिक शिक्षा सम्वन्धी कार्य | १०३ | कागजात आवश्यक नपर्ने | निरन्तर | शुल्क नलाग्ने | योजना तथा शिक्षा विकास शाखा | महाशाखा प्रमुखको हकमा महानिर्देशक र अन्यको हकमा महाशाखा प्रमुख | |
| ९ | बालबालिका,ज्येष्ठ नागरिक, अपाङ्गता सम्वदन्धी कार्य र लैङ्गिक मूल प्रवाहीकरण सम्वन्धी कार्य | १०४ | कागजात आवश्यक नपर्ने | निरन्तर | शुल्क नलाग्ने | प्रशासन शाखा | महाशाखा प्रमुखको हकमा महानिर्देशक र अन्यको हकमा महाशाखा प्रमुख | |
| १० | प्रदेश स्तरमा उच्च शिक्षाका लागि स्वदेशी छात्रबृत्ति व्यवस्थापन सम्वन्धी कार्य | १०३ | कागजात आवश्यक नपर्ने | निरन्तर | शुल्क नलाग्ने | योजना तथा शिक्षा विकास शाखा | महाशाखा प्रमुखको हकमा महानिर्देशक र अन्यको हकमा महाशाखा प्रमुख | |
| ११ | व्यावसायिक तथा सीप विकास सम्वन्धी तालिम कार्यक्रम मातहतका कार्यलयहरूबाट सञ्चालनमा समन्वय,सहजीकरण र अनुगमन | १०३ | कागजात आवश्यक नपर्ने | निरन्तर | शुल्क नलाग्ने | योजना तथा शिक्षा विकास शाखा | महाशाखा प्रमुखको हकमा महानिर्देशक र अन्यको हकमा महाशाखा प्रमुख | |
| १२ | बालविवाह रोकथाम र न्यूनीकरण सम्वन्धी कार्य | १०४ | कागजात आवश्यक नपर्ने | निरन्तर | शुल्क नलाग्ने | प्रशासन शाखा | महाशाखा प्रमुखको हकमा महानिर्देशक र अन्यको हकमा महाशाखा प्रमुख | |

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी सम्बन्धित महाशाखा प्रमुख

| क स | सेवा | महाशाखा | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १ | प्रमाण पत्रको प्रतिलिपि उपलब्ध गराउने<br>माध्यमिक शिक्षा परिक्षा (SEE) सम्बन्धी सेवा<br>माध्यमिक शिक्षा परिक्षा (SEE)को अभिलेखिकरण | अभिलेख तथा शिक्षक सेवा | अर्जुन पौडेल प्रास<br>पवित्रा तिमल्सैन अधिकृत सातौं<br>शारदा मैनाली अधिकृत नवौं |
| २ | शिक्षकको जिल्ला छनोट सम्बन्धी कार्य<br>शिक्षक बढुवा सम्बवन्धी कार्य<br>शिक्षकको अभिलेख | अभिलेख तथा शिक्षक सेवा | सिताराम खड्का प्रास<br>बेद प्रसाद पौडेल अधिकृत आठौं<br>शारदा मैनाली अधिकृत नवौं |
| ३ | उच्चशिक्षा, क्याम्पसको लागि सहयोग<br>शैक्षिक छात्रवृत्ति सेवा | प्रशासन, योजना तथा शिक्षा विकास | जयकुमार यादव प्रास<br>पवित्रा तिमल्सैना अधिकृत सातौं |
| ४ | विद्यालय शिक्षा र शैक्षिक तथ्याङ्क सम्बन्धी सेवा | प्रशासन, योजना तथा शिक्षा विकास | सिताराम खड्का प्रास<br>पवित्रा तिमिल्सैन अधिकृत सातौ<br>शारदा मैनाली अधिकृत नवौं |

| | | | |
|---|---|---|---|
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसँग सम्बद्ध कार्यक्रम | प्रशासन, योजना तथा शिक्षा विकास | जयकुमार यादव प्रास<br>पवित्रा तिमिल्सैन अधिकृत सातौ<br>शारदा मैनाली अधिकृत नवौं |
| ६ | जिन्सी र प्रशासन सम्बन्धी सेवा | प्रशासन, योजना तथा शिक्षा विकास | विरेन्द्र शर्मा पाँचौ<br>गोपालप्रसाद बराल अधिकृत सातौं<br>शारदाकुमारी मैनाली अधिकृत नवौं |
| ७ | आर्थिक प्रशासन सम्बन्धी सेवा | आर्थिक प्रशासन | लक्ष्मी अर्याल लेखापाल पाचौं<br>किरण पौडेल लेखा अधिकृत सातौ |

## ७. सेवा प्रास गर्न लाग्ने दस्तुर र अवधि

क) माध्यमिक शिक्षा परीक्षा (SEE) को प्रमाणपत्रको प्रतिलिपि प्रति प्रमाणपत्र रु २५०। र सोही दिन उपलब्ध गराउने ।

ख) शिक्षक बढुवा सिफारिस सम्बन्धमा उजुरीका लागि तोकिएको रकम ।

## ८. निवेदन र उजुरी निर्णय गर्ने प्रकिया र अधिकारी

- सम्वन्धित शाखाबाट टिप्पणी उठाइ कार्यालय प्रमुखबाट स्वीकृत गर्ने

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी

- महानिर्देशक

## १०. सम्पादन गरेको कामको विवरण (बैशाख देखि असारसम्म)

**आर्थिक वर्ष २०८१।०८२ को बैशाख देखि असारसम्म सम्म भएका प्रमुख उपलव्धीहरु देहाय अनुसार प्रस्तुत गरिएको छ ।**

**क) कार्यविधि र मापदण्ड**

स्टिम सिकाइ सामग्री निर्माण सम्वन्धी विद्यालयस्तरीय कार्यविधि, २०८१
शिक्षण सिकाइ सहयोग अनुदान सम्बन्धी कार्यविधि, २०८१

(ख) **प्रमुख कार्यक्रमहरु**

- बागमती प्रदेश अन्तर्गतका सबै स्थानीयतह शिक्षा विकास तथा समन्वय इकाइ, सामाजिक विकास कार्यालयका इमिस फोकल पर्सनलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी क्षमता विकास कार्यक्रम
- शिक्षण सहयोग अनुदान कक्षा ११-१२ मा १० जना शिक्षक दरबन्दी वितरण
- बागमति प्रदेशका माध्यमिक तह ८- १० सम्म अध्यापन गर्ने विज्ञान गणित र अंग्रेजी विषयका शिक्षकहरूका लागी आईटम राईटिङ कार्यशाला सञ्चालन
- स्थानीय तहका जनप्रतिनिधि, शिक्षा शाखा प्रमुख र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको लागि वृति मार्ग निर्देशन सम्बन्धी कार्यक्रम
- स्टिम सिकाइ सामाग्री निर्माणका लागि विद्यालय का प्रस्तावना छनोट

- विद्यालय विपद् व्यवस्थापन कार्यक्रम सञ्चालन
- स्टिम सिकाइ सामाग्री निर्माण तथा प्रस्तुतीकरण
- बृहत् विद्यालय सुरक्षा सरोकारवालाहरूको क्षमता विकास कार्यक्रम सञ्चालन
- ८० वटा सामुदायिक क्याम्पसमा शैक्षिक गुणस्तर कार्यक्रम सम्पन्न
- गणतन्त्र दिवश २०८२ को अवसरमा माध्यमिक विद्यालयस्तरीय निबन्ध लेखन तथा चित्रकला प्रतियोगिता सञ्चालन गरी पुरस्कार तथा प्रमाणपत्र वितरण
- माध्यमिक शिक्षा परीक्षा कक्षा १० उत्तरपुस्तिका परीक्षण
- शिक्षक सेवा आयोगबाट नतिजा पुनरावलोकन भएका शिक्षकहरूलाई बढुवाका लागि सिफारिस
- शैक्षिक छात्रवृति तथा प्राविधिक छात्रवृति छनोट तथा वितरण
- शिक्षा विकास निर्देशनालयको प्रशासनिक भवनको यस वर्षको काम सम्पन्न भएको
- शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न संघ संस्थाहरूसँग सम्झौता र कार्यक्रम कार्यान्वयन

**आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन भएका प्रमुख कार्यक्रमहरु**

**क. माध्यमिक शिक्षा परीक्षा तर्फ**

- ग्रेड वृद्धि परीक्षा सञ्चालनका लागि व्यवस्थापन
- ४३८ परीक्षा केन्द्र मार्फत माध्यमिक शिक्षा परिक्षा सञ्चालन भई १०,८००० विद्यार्थीहरु सम्मिलित
- २०८१ सालको एसइइ परीक्षाका लागि परीक्षा केन्द्र निर्धारण गर्न शिक्षा विकास तथा समन्वय इकाइहरुसँग समन्वय भइरहेको
- बागमती प्रदेश भित्रका एसइइ परीक्षाका प्रमाणपत्रहरुको प्रतिलिपि प्रदान गर्ने : निरन्तर सेवाग्राहीको निवेदन र सिफारिस पत्रका आधारमा कार्य भइरहेको ।

**ख. शिक्षा व्यवस्थापन तर्फ**

- शिक्षण सिकाइ सहयोग अनुदानका लागि १० वटा विद्यालयमा १० जना शिक्षक नियुक्ति भएका
- शिक्षक बढुवाः६० विज्ञापनमा करिव ४४०० शिक्षकको फाइलबाट ३५९ जना शिक्षकको बढुवा
- शिक्षक सेवा आयोगको निर्णय तथा परिपत्रका आधारमा अन्तरवार्ता निमावि तृतियको खुलाको र प्रावि र निमावीको द्धितीय श्रेणीको बढुवाको अन्तरवार्ता व्यवस्थापन
- माध्यमिक तहका ८७ जना र निम्न माध्यमिक तहको स्थायी शिक्षक नियुक्ति तथा पदस्थापनाका लागि १८६ जना शिक्षकहरुलाई जिल्लामा सिफारिस गरिएको
- सबै स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइका अधिकृतहरुको लागि शिक्षकको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन ।

**ग. उच्च शिक्षा तर्फ**

- ८० सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम सम्पन्न
- सामुदायिक क्याम्पसमा अध्ययनरत ५७० जना छात्राहरुको लागि छात्रवृत्ति वितरण।

**घ. विपद् व्यवस्थापन र पुननिर्माण**

- प्रदेश शिक्षा समूहको निर्णयानुसार सामाजिक विकास कार्यालय मार्फत क्षति पुगेका विद्यालयहरुमा द्रुत सर्भेक्षण (Rapid Survey) प्रतिवेदन तयार गरिएको (४५५ विद्यालयको रु ४८ करोड )
- प्रदेश शिक्षा समूहको निर्णयानुसार ३५ विद्यालयको विपद् व्यवस्थापन
- द्रुत सर्भेक्षण (Rapid Survey) प्रतिवेदनमा सूचीकृत ४५५ विद्यालयहरु मध्ये १७ विद्यालयको पुननिर्माण

**ङ. अनिवार्य तथा निःशुल्क शिक्षा**

- ३२ स्थानीय तह छनोट गरी अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि सम्झौता गरिएकोमा २७ स्थानीय तहमा करिव ६०० बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्न सफल भई अनिवार्य तथा निःशुल्क घोषणा
- तीन तहको सरकारको समन्वय र सहकार्य भइ शिक्षामा संवैधानिक व्यवस्थाको कार्यान्वयनमा सहयोग ।

**च. कार्यविधि तथा मापदण्ड विकास**

- ❖ आ व २०८१।०८२ को वार्षिक कार्यक्रम मार्गदर्शन
- ❖ सामुदायिक विद्यालयमा सिक्दै कमाउदै, कमाउदै सिक्दै कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१
- ❖ सामुदायिक क्याम्पस शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१
- ❖ अनिवार्य तथा निशुल्क शिक्षा घोषणा अनुदान सम्वन्धी कार्यविधि, २०८१
- ❖ विद्यार्थी केन्द्रित व्यवस्थापन सुधार तथा गुणस्तर कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१
- ❖ शिक्षण सिकाइ सहयोग अनुदान कार्यविधि २०८१
- ❖ सामुदायिक पुस्तकालय सुदृढीकरण कार्यविधि २०८१
- ❖ स्थानीय तहको सहकार्यमा वालविकास केन्द्र स्तरोन्नती कार्यविधि १०८१
- ❖ विपद व्यवस्थापन विद्यालय छनोट मापदण्ड २०८१
- ❖ विद्यालयस्तरीय स्टिम प्रतियोगिगता सञ्चालन कार्यविधि २०८१
- ❖ सामुदायिक विद्यालयमा आवासीय कार्यक्रम व्यवस्थापन कार्यविधि २०८१ को मस्यौदा तर्जुमा

**छ. राष्ट्रिय दिवसहरुको अवसरमा कार्यक्रम आयोजना**

- ❖ अन्तराष्ट्रिय साक्षरता दिवसको अवसरमा प्रदेशस्तरीय माध्यमिक तह निवन्ध प्रतियोगिता आयोजना गरी नगद पुरस्कार सहित प्रमाण पत्र प्रदान गरिएको
- ❖ राष्ट्रिय शिक्षा दिवसको अवसरमा सर्वोकृष्ठ औषत् जिपिए ल्याउने ५ सामुदायिक र ५ सस्थागत विद्यालयलाइ क्रमश एक लाख, असी हजार, सतरी हजार, साठी हजार र पचास हजार नगद पुरस्कार सहित प्रशंसा पत्र प्रदान गरिएको
- ❖ संविधान दिवसको अवसरमा सामुदायिक विद्यालयवाट सर्वोकृष्ठ औषत् ४ जि पि ए ल्याउने १७ विद्यार्थीहरुलाइ प्रमाणपत्र सहित प्रति विद्यार्थी रु १००००। नगद पुरस्कार सहित सम्मान गरिएको

- संविधान दिवसको अवसरमा मकवानपुर जिल्ला स्तरका क्याम्पस स्तरीय निवन्ध प्रतियोगिता आयोजना गरि प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने विद्यार्थीहरुलाइ नगद पुरस्कार सहित प्रमाण पत्र प्रदान गरिएको
- सहिद दिवसको अवसरमा निवन्ध प्रतियोगता सञ्चालन
- गणतन्त्र दिवसको अवसरमा चित्रकला र निवन्ध प्रतियोगिता सञ्चालन र पुरस्कार वितरण।

**ज. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम**

- नमुना शिक्षालयको छनोट र प्रस्तावित कार्यक्रमहरु सञ्चालन
- सिन्धुली सामुदायिक प्राविधिक शिक्षालय कमलामाइको पूर्वधार विकास
- सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत प्रविधिक धार तर्पका २ जना विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यवस्था
- विद्यालयस्तरीय STEAM प्रतियोगिता सञ्चालन ।

**झ. अन्य प्रमुख कार्यक्रमहरु**

- ३२ विद्यालयको लाग विद्यालय बस खरीद अनुदान
- निर्देशनालय र शिक्षा तालिम केन्द्रको संयुक्त आयोजनामा बागमती प्रदेश भित्रका शि वि तथा स इकाइ प्रमुख र महाशाखा तथा शाखा प्रमुखहरुसगँको २ दिने अभिमुखीकरण एवम समिक्षा वैठक सम्पन्न
- नमूना विद्यालयहरुसँग नमूना विद्यालय विकास कार्यक्रम कार्यान्वयन
- नमूना तथा आवासीय विद्यालयका ४३ जना प्रअ र विव्यसका पदाधिकारीहरुको क्षमता अभिवृद्धि
- ७२ जना शिक्षकहरुको लागि Item Writing कार्याशाला सञ्चालन
- स्थानीय तहका जनप्रतिनिधि र विव्यसका पदाधिकारीहरुको लागि वृत्ति मार्ग निर्देशन सेवा सम्बन्धी अभिमुखीकरण
- विद्यालय शिक्षाको शैक्षिक गुणस्तर मापदण्डको मस्यौदा विकास
- ११९ स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइका अधिकृत एवम् जनशक्तिको EMIS सम्बन्धी क्षमता अभिवृद्धि गरिएको
- प्रदेशस्तरीय EMIS प्रतिवेदन प्रकाशन
- मन्त्रालय र मातहतका निकायबाट प्रदेश सरकारबाट सम्पादन भएका प्रमुख कार्यक्रमहरुको अभिलेखीकरण पुस्तिका विकास
- नमुना विद्यालयको प्रभावकारीता सम्बन्धी अध्ययन प्रतिवेदन
- सामुदायिक विद्यालयमा भएका असल अभ्यासहरुको पहिचान
- सिताराम संस्कृत मा वि देवघाटमा इ पुस्तकालय स्थापना
- प्रदेश स्काउटसग विद्यालय केन्द्रित स्काउट अभिमुखीकरण
- सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ मार्फत शैक्षिक गुणस्तर अभिवृद्धिका लागि नुवाकोट,चितवन,रामेछाप र काठमाडौंमा  कार्यक्रम सञ्चालन भएको

- ❖ शैक्षिक स्मारिका र बुलेटिन प्रकाशन
- ❖ निर्देशनालयबाट सम्पादन भएका प्रमुख क्रियाकलापहरु समेटी डकुमेन्ट्री विकास
- ❖ कार्यक्रमहरुको अनुगमन र वार्षिक प्रतिवेदन
- ❖ निर्देशनालयको भवन बहुवर्षीय आयोजनाको रुपमा निर्माण कार्य भइरहेको ।

## ११. सूचना अधिकारी र प्रमुखको नाम र पद

| प्रमुख र सूचना अधिकारी | नाम | पद |
|---|---|---|
| कार्यालय प्रमुख | खुबिराम अधिकारी | महानिर्देशक |
| सूचना अधिकारी | पवित्रा तिमिल्सैन | अधिकृत सातौं |

## १२. ऐन,नियम, विनियम वा निर्देशिकाको सूची

**क) ऐन**

- प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् स्थापना र सञ्चालन गर्ने ऐन, २०७५
- प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६
- प्रदेश उच्च शिक्षा ऐन, २०७८
- विज्ञान प्रविधि तथा नवपर्वतन कोष ऐन २०८१

**ख) नियम/नियमावली**

- प्रदेश उच्च शिक्षा नियमावली, २०७९
- प्रदेश प्राविधिक तथा व्यावासायिक शिक्षा एवम् परिषद् नियमावली २०८०

**ग) नीति**

- प्रदेश विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तन नीति, २०७८
- बालबालिका सम्बन्धी नीति, २०८०
- मानव बेचविखन तथा ओसारपसार विरुद्धको संरक्षण नीति, २०८०
- ज्येष्ठ नागरिक सम्बन्धी नीति, २०८०
- प्रादेशिक शिक्षा नीति, २०८०
- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक सम्बन्धी नीति, २०८१

**घ) निर्देशक/कार्यविधि**

- पाठ्यक्रम तथा पाठ्यासामग्री विकास निर्देशिका, २०७७
- शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८०
- आवासीय विद्यालय सञ्चालन कार्यविधि,२०७६
- विद्यालय बस सेवा कार्यक्रम सञ्चालन कार्यविधि,२०७६
- बालविकास केन्द्रको स्तरोन्नति सम्बन्धी कार्यविधि, २०८१
- सामुदायिक विद्यालय समायोजन प्रोत्साहन कार्यक्रम सम्बन्धी कार्यविधि, २०७८
- स्टिम सिकाइ सामग्री निर्माण सम्वन्धी विद्यालयस्तरीय कार्यविधि, २०८१

# बार्षिक प्रगति विवरण – २०८१

| क. | पुजीगत तर्फ | | | | | रकम रू हजारमा |
|---|---|---|---|---|---|---|
| क्र.सं . | स्रोत | आ.व .०८१को ०८२/ कुल बजेट पुजीगत | कुल खर्च रकम पुजीगत | खर्च प्रतिशत | | कैफियत |
| | | | | वित्तिय | भौतिक | |
| १ | प्रदेश सरकार | ४२६६० | २८९०६१८. | ६७७६. | १०० | |

| ख. | चालु तर्फ | | | | | रकम रू हजारमा |
|---|---|---|---|---|---|---|
| क्र सं | स्रोत | आ .व . को ०८२/०८१ कुल बजेट | कुल खर्च रकम | खर्च प्रतिशत | | कैफियत |
| | | चालु | चालु | वित्तिय | भौतिक | |
| १ | राष्ट्रिय परीक्षा बोर्ड (संघ सशर्त) | ६७००० | ६६२९४८५. | ९८९५. | १०० | |
| २ | अनिवार्य तथा निशुल्क शिक्षा (विशेष) | ९३५०० | ७१३१८३४. | ७६२८. | ८७.५० | |
| ३ | विद्यालय शिक्षा क्षेत्र योजना (SESP) | २२१०० | १८१७२९७. | ८२२३. | ९० | |
| ४ | (संघ शर्सत) CTEVT | २०५० | २०२१५५. | ९८६१. | १०० | |
| ५ | प्रदेश सरकार | २०२६३४ | १७७२४५०९. | ८७४७. | ९५ | |
| | **जम्मा** | **३८७७३४** | **३३५०५२८.** | **८६४१.** | **९४** | |

| ग. जम्मा प्रगति विवरण | | | | | | | | | | रकम रू हजारमा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र स | स्रोत | आ व ०८१को कुल बजेट ०८२/ | | | जम्मा खर्च रकम | | | खर्च प्रतिशत | | कैफियत |
| | | पुजीगत | चालु | जम्मा | पुजीगत | चालु | जम्मा | वितिय | भौतिक | |
| १. | नेपाल सरकार | ० | १८४६५० | १८४६५० | ० | १५७८०८ | १५७८०८ | ८५.४६ | ९४ | |
| २. | प्रदेश सरकार | ४२६६० | २०२६३४ | २४५२९४ | २८९०६ | १७७२४५ | २०६१५१ | ८४.०४ | ९५.२० | |
| | **जम्मा** | **४२६६०** | **३७८२८४** | **४२९९४४** | **२८९०६** | **३३५०५३** | **३६३९५९** | **८४.६५** | **९४.६** | |

**१३. अघिल्लो आर्थिक वर्षमा मन्त्रालयबाट सञ्चालित कार्यक्रमहरु**

- अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा कार्यक्रम अन्तर्गत ११ वटा स्थानीय तहमा कार्यक्रम सञ्चालन भएकोमा ५ वटा स्थानीय तहमा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा भएको ।
- ३० विद्यालयमा सिक्दै कमाउदैं कमाउदैं सिक्दै कार्यक्रम सञ्चालनका लागि अनुदान
- विद्यार्थी केन्द्रित
- १३ जिल्लाका शिक्षा विकास तथा समन्वय इकाई र १ सय १५ स्थानीय तहका शिक्षा शाखा प्रमुखहरूको लागि कार्यक्रम अभिमुखीकरण तथा समन्वय बैठक सञ्चालन भएको
- १ सय १९ स्थानीय तहका शिक्षा महाशाखा/शाखामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन
- २७७ माध्यमिक तहमा शून्य दरबन्दी रहेका सामुदायिक माध्यमिक विद्यालयहरूलाई एक जना माध्यमिक तहको शिक्षक बराबरको अनुदान उपलब्ध गराइएको
- प्रदेशका १३ वटा सामुदायिक पुस्तकालयहरू सुदृढिकरण
- कृषि तथा पशु विज्ञान अध्ययन गराउने सामुदायिक माध्यमिक विद्यालयहरूलाई शैक्षिक पूर्वाधार विकासमा सहयोग
- सामुदायिक विद्यालयमा "सिक्दै कमाउँदै, कमाउँदै सिक्दै" कार्यक्रम कार्यान्वयनका लागि ३० वटा सामुदायिक माध्यमिक विद्यालय छनोट तथा सम्झौता गरी प्रथम किस्ता निकासा भइसकेको
- नमुना विद्यालय विकास कार्यक्रममा १९ वटा विद्यालयहरूलाई सहयोग
- ४० सामुदायिक क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि सम्पन्न
- सामुदायिक क्याम्पसका २९४ जना विद्यार्थीहरुलाई शैक्षिक छात्रवृत्ति प्रदान गरिएको
- आवासीय विद्यालय सञ्चालनका लागि ५ वटा आवसीय विद्यालयहरूमा करिव १००० जना विद्यार्थीहरुको लागि आवासीय सुविधा
- स्थानीय तहको सहकार्यमा प्रत्येक जिल्लामा ३० ओटा बालविकास स्तरोन्नति
- २७ सामुदायिक माध्यमिक विद्यालयहरूमा बस सञ्चालनका लागि अनुदानको व्यवस्था गरिएको
- १ सय वटा आधारभूत विद्यालय र ७५ वटा माध्यमिक विद्यालय शैक्षिक उपलब्धिमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन
- १ सय वटा आधारभूत विद्यालय र ७५ वटा माध्यमिक विद्यालयहरूमा विद्यार्थी केन्द्रित विद्यालय व्यवस्थापन सुधार कार्यक्रम सञ्चालन
- बागमती प्रदेशका १८ वटा स्थानीय तहहरूमा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरी १७ स्थानीय तह घोषणा
- २५ सामुदायिक विद्यालयहरूलाई विपद् व्यवस्थापन सहयोग ।

**१४. निर्देशनालयको बेबसाइटः http://**edd.bagamati.gov.np

**१५. निर्देशनालयले सञ्चालन गरेका कार्यक्रमहरु र प्रतिवेदन**

- आर्थिक वर्ष २०८१।०८२ को वार्षिक स्थिति प्रतिवेदन प्रकाशन गरिएको ।
- विद्यालय तहको एकिकृत शैक्षिक व्यवस्थापन प्रणालीको प्रतिवेदन प्रकाशन गरिएको।
- शिक्षा क्षेत्रमा सम्पादन भएका प्रमुख कार्यक्रमहरूको अभिलेख पुस्तिका प्रकाशन गरिएको ।
- शैक्षिक बुलेटिन प्रकाशन गरिएको ।